संस्कृति, पर्यटन तथानागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

(ट्राभल र ट्रेकिङ्गशाखा)

Email:
info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी :- ४२४७०४१

भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्या :- ट्रे.०७५/०७६
च.नं :- 45C

मिति :- २०७५/०५/०४

श्री नेपाल ट्रेकिङ्गएजेन्सी संघ (TAAN)
मालीगाउँ, काठमाण्डौं ।
श्री नेपालएशोसिएशनअफ टूर एण्ड ट्राभल एजेन्टस् (NATTA)
नक्शाल, काठमाडौं ।

**विषय :- जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२ को छैठौं संशोधन नियमावली २०७४।१०।१५ बाट देहाय यस अधिको नियमावलीमा रहेका देहाय बमोजिमका विषय वस्तुमा संशोधन भएको ब्यहोरा अवगत गराउदै तदनुसारको सूचना त्यस संघमा आबद्ध सबै एजेन्सीहरूसम्म सम्प्रेषण गरिदिनु यो पत्र प्रेषण गरिएको छ :—

परिवर्तित नियमहरू

नियम ४ : एजेन्सीले नयाँ इजाजत प्राप्त गर्दा रू.२५,०००।- दस्तुर बुझाउनुपर्ने ब्यवस्था गरिएको।

नियम ५ः इजाजतपत्र लिनु अघि फर्मको हकमा कम्तिमा रू. १० लाख चालु वा चुक्ता पूंजी र कम्पनीको हकमा कम्तिमा रू. २५ लाख चालु वा चुक्ता पूंजी भएको हुनुपर्ने ।

- ❖ एजेन्सीले इजाजत प्राप्त गर्नु अधि इजाजतपत्रको अवधिभर सुरक्षण वापत कम्तिमा पाँच लाख रूपैंया बराबरको बैंक ग्यारेण्टी विभागको नाममा राख्नु पर्ने ।
- ❖ यस अघि इजाजत लिइ सकेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजत पत्र नवीकरण गराउदाका बखत माथि उल्लेख गरिए बमोजिमको चालु वा चुक्ता पूंजी र अटुट रहेको बैंक ग्यारेण्टीको प्रमाण पेश गर्नुपर्ने ।

नियम ७ः इजाजत पत्र नवीकरण गराउन इजाजतपत्रको अवधी समाप्त हुनु अगावै पच्चीस हजार रूपैयाँ दस्तुर तिरेर नवीकरण गराउनु पर्ने ।

- ❖ म्याद समाप्त भएको पहिलो तीन महिनासम्म नवीकरण गराउदा पच्चीस हजारको थप पच्चीस प्रतिशत जोडेर हुन आउने रकम तिर्नुपर्ने ।
- ❖ म्याद समाप्त भएको तीनमहिना पछि छ महिनासम्म नवीकरण गराउदा पच्चीस हजारको थप पचास प्रतिशत जोडेर हुन आउने रकम तिर्नु पर्ने ।
- ❖ छ महिनासम्म पनि नवीकरण नगरेमा इजाजतपत्र स्वतः रद्ध हुने ।

नियम ११ः पर्यटकले आफ्नो साथम ाजाने नाईके तथा कामदारलाई एजेन्सीको अभियान समाप्त गरी नफर्के सम्मको लागि नेपाल राज्यभित्र स्थापित बीमा कम्पनीबाट रू. १० लाखमा नघट्ने गरी ब्यक्तिगत दुर्घटना बीमा गराउनु पर्ने ।

कामदारको नाईके वा कामदार दुर्घटनामा परी अङ्गभङ्ग बाहेक अन्य चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्ति वा पर्यटकले नेपाल राज्यमा स्थापित बीमा कम्पनीबाट कम्तिमा पाँच लाख रूपैंयाको बीमा गराउनु पर्ने ।

नियम १६ः प्रत्येक वर्षको आफ्नो कारोबारको बिबरण सहितको प्रतिवेदन सो आ.व. समाप्त भएको मितिले ६० दिनभित्र विभागमा पेश गर्नुपर्ने ।

पुनश्चः आवधिक प्रतिवेदन अनलाईन सेवाबाट सबमिट गरिसकेका एजेन्सीले पुनःकार्यालयमा आई दर्ता गरिरहनु आवश्यक नपर्ने समेत जानकारी गराइन्छ ।

(मिरा आचार्य)
निर्देशक